## आ.व. २०८१/८२ को सातौँ कार्यपालिका बैठक

आज मिति २०८१।०७।२८ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री प्रकाश विष्ट | अध्यक्ष | |
| श्री कमलापति चौधरी | उपाध्यक्ष | |
| श्री गेमे खड्का | सदस्य | |
| श्री पहलवान चौधरी | सदस्य | |
| श्री उमेश अधिकारी | सदस्य | |
| श्री विर वहादुर चौधरी | सदस्य | |
| श्री देव प्रसाद चौधरी | सदस्य | |
| श्री दीपक कुमार चौधरी | सदस्य | |
| श्री सिताराम चौधरी | सदस्य | |
| श्री चन्द्र बहादुर गुरुङ | सदस्य | |
| श्री रिम वहादुर सुनारी मगर | सदस्य | |
| श्री पार्वती सुवेदी | सदस्य | |
| श्री चम्फा भुसाल | सदस्य | |
| श्री रण बहादुर पुजाली सार्की | सदस्य | |
| श्री गिता चौधरी | सदस्य | |
| श्री सावित्री चौधरी | सदस्य | |
| श्री संजिव परियार | सदस्य | |
| श्री नेब बहादुर वली | सदस्य सचिव | |
| | **आमन्त्रित** | |
| श्री विकास नवाली | अधिकृत | |
| श्री रविन्द्र दवाडी | ईन्जिनियर | (साईट) योजना शाखा |
| श्री राम शरण राउत | | |
| श्री अशोक बेलवारे | ईन्जिनियर मा.पा. | |
| श्री बसन्ती गडरिया | कृषि शाखा प्रमुख | |

बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८१।०७।२८ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१-** राप्ती गाउँपालिकाको यातायात गुरुयोजनाको अद्यावधिक सम्बन्धमा पेश भएको प्रारम्भिक मस्यौदा माथि छलफल गरियो ।

**निर्णय नं.२** – राप्ती गाउँपालिका वडा नं. ३ मसुरिया स्थित घण्टदेव सामुदायिक निर्मित हाटबजार संचालन स्थलमा कम्तिमा हप्ताको १ दिन हाटबजार संचालन गर्ने ।

**निर्णय नं.३ -** राप्ती गापा क्षेत्रभित्र संचालन हुने मेला महोत्सवका लागि देहायका शर्तहरुको आधारमा अनुमति प्रदान गर्ने ।

शर्तहरु

- स्थानीय उत्पादनका स्टललाई प्राथमिकता दिनुपर्ने ।
- मेला, महोत्सव संचालन स्थलको सरसफाई व्यवस्थापन आफै गर्नुपर्ने ।
- सार्वजनिक शौचालयको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्ने।
- शान्ती सुरक्षाका लागि सूरक्षा निकायसंग समन्वय गर्नुपर्ने ।
- कानुनले बर्जित गरेका लागुऔषध कारोबार, सट्टेबाजी, जुवातास जस्ता कृयाकलाप संचालन गर्न नपाईने ।
- गाउँपालिका क्षेत्रभित्र एउटै समयमा एकमात्र मेला आयोजना गर्ने ।
- क्लब,गैर सरकारी संस्था, समिति आदिले सांस्कृतिक मेला, महोत्सव मात्र आयोजना गर्न अनुमति दिने ।
- उद्योग व्यापार मेला महोत्सव संचालनका लागि उद्योग वाणिज्य संघ लगायत व्यापारिक संघ/ संस्थालाई मात्र अनुमति दिने ।
- नेपाली राष्ट्रिय साहित्य कला भाषा प्रवर्द्धन गर्ने सांस्कृतिक मेला संचालन गर्ने ।

**निर्णय नं.४** – यस कार्यालयको च.नं. ५७२ मिति २०८१।०७।०५ को पत्रानुसार श्री आशाका किरण संस्था, राप्ती गापा-१,भालुवाङलाई "कृषि, पर्यटन, व्यापारिक तथा सांस्कृतिक महोत्सव २०८१" संचालनका दिईएको अनुमति रद्ध गर्ने ।

**निर्णय नं.५-** राप्ती गाउँपालिकाको सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्रि सम्बन्धी कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम गठित मूल्याङ्कन समितिको मिति २०८१।०४।२१ गतेको निर्णय बमोजिमको मूल्याङ्कन र गाउँपालिकाको कार्यालयबाट मिति २०८१।०४।२९ गतेको निर्णयबाट भएको लिलाम सम्बन्धी निर्णयलाई अनुमोदन गर्नुका साथै लिलाम गरिएका सम्पत्तिहरुलाई कार्यालयको सम्पत्ति खाता र PAMS सिस्टमबाट लगत कट्टा गरी अद्यावधिक गर्ने ।

बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

दुर वली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.६** – एन्टी नार्कोटिक्स फाउन्डेसन नेपाल गढवा गापा ३ दाङलाई संस्था व्यवस्थापनका लागि संस्था सँग समन्वय गरी आवश्यक सामाग्री उपलब्ध गराउने ।

**निर्णय नं. ७** - आ.व. २०८१।८२ का लागि सूचिकृत वेरोजगार व्यक्तिहरुको नामावली स्विकृत गर्ने ।

**निर्णय नं. ८**- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) आ.व. २०८०।८१ को अंकभार निर्धारण तथा प्रारम्भिक नतिजा सम्बन्धमा छलफल गरियो ।

दुर वली
प्रमुख प्रशासकीय अधिकृत